(दशौं बैठक)

आज मिति २०७९ पौष १४ गते बिहिवारका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष **श्री पासाङ नुर्पु शेर्पा** ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा
२. सदस्य : श्री दिछेन शेर्पा
३. सदस्य : श्री साङवु लामा
४. सदस्य : श्री कुमार श्रेष्ठ
५. सदस्य : श्री निमा सोना शेर्पा
६. सदस्य : श्री टासी शर्पा
७. सदस्य : श्री दावा त्यम्वा तामाङ
८. सदस्य : श्री आङ छिरिङ शेर्पा
९. सदस्य : श्री बच्चु धतानी
१०. सदस्य : श्री जमुना थामी
११. सदस्य : श्री पम्फा वि.क.
१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते
१३. सदस्य : श्री निमि शेर्पा
१४. सदस्य सचिव : श्री भद्र बहादुर बस्नेत (प्र.प्र.अ)

<u>आमन्त्रित/सहयोगी कर्मचारीहरु :</u>

- श्री नवराज खत्री (शाखा अधिकृत)
- श्री भक्ति प्रसाद मिश्र (लेखा अधिकृत)
- श्री गंगासागर पाडेल (सूचना प्रविधि अधिकृत)
- श्री सपना कार्की (का. स.)

**प्रस्तावहरु**

१) एघारौं गाउँसभा बस्ने सम्बन्धमा ।

२) समपुरक विशेष अनुदानका योजना छनौट सम्बन्धमा ।

३) एकिकृत घुम्ती शिविरको मिति तोक्ने सम्बन्धमा ।

४) शैक्षिक संस्था अनुदान बाँडफाँड सम्वन्धमा ।

५) छात्रवृत्ति वितरण सम्बन्धमा ।

६) भोटेकोशी अध्यक्ष कपको रकम अनुमोदन सम्बन्धमा ।

७) नयाँ आलु पकेट विकास कार्यक्रम सम्बन्धमा ।

८) योजनाको नाम परिवर्तन सम्बन्धमा ।

९) महिला समूह छनौट सम्बन्धमा ।

१०) विविध ।

**निर्णयहरु**

**निर्णय नं. १:**

चालु आ.व २०७९/०८० को हिउँदे अधिवेशनको लागि पौष २५ र २६ गते विषयगत समितिहरुको बैठक, २७ गते कार्यपालिका बैठक बस्ने र मिति २०७९ पौष २९ गतेका दिन एघारौं हिउँदे गाउँसभा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

आ.व. २०८०/०८१ को संघीय समपुरक अनुदानका लागि तपशिल बमोजिम योजनाहरु छनौट गरि सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।

क) डाक्लाङ लिस्ती भैरवकुण्ड सडक स्तरोन्नति, वडा न १ - रु २ करोड ५० लाख
ख) चाकु, नारायणथान, सेलाङकट्टी सडक स्तरोन्नति, वडा नं ४ - रु २ करोड ५० लाख
ग) चाकु मार्मिङ गोल्ची देउदुङ्गा सडक स्तरोन्नति, वडा नं ५- रु २ करोड ५० लाख
घ) तातोपानी धारा स्तरउन्नती स्तरोन्नति, वडा नं २- रु २ करोड ५० लाख
ङ) ड्राइपोर्ट दुगुनागढी सडक स्तरोन्नति, वडा नं ३ रु २ करोड ५० लाख

आ.व. २०८०/०८१ को संघीय विशेष अनुदानका लागि तपशिल बमोजिम योजनाहरु छनौट गरि सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।

क) भैरवकुण्ड मुर्ति तथा पार्क निर्माण, वडा नं १ (डिपिआर अनुसार)
ख) च्यालबोटे खोला मोटरेवल पुल निर्माण, वडा नं. ४ (डिपिआर अनुसार)
ग) गुरु पद्मसम्भव पार्क निर्माण, वडा नं. ४ (डिपिआर अनुसार)

आ.व. २०८०/०८१ को प्रदेश समपुरक अनुदानका लागि तपशिल बमोजिम योजनाहरु छनौट गरि सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।

क) कोर्थली बोक्चेन सडक वडा नं ३ रु ५० लाख

ख) तातोपानी भैरवकुण्ड सडक वडा नं २ रु १ करोड

ग) लिस्ती गुम्बा धारापानी सडक वडा नं १ रु ५० लाख

आ.व. २०८०/०८१ को प्रदेश विशेष अनुदानका लागि तपशिल बमोजिम योजनाहरु छनौट गरि सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।

क) वडा नं ५ सामुदायिक भवन निर्माण

ख) वडा नं ३ कर्थली देउढुङ्गा पर्यटकीय पदमार्ग निर्माण

ग) वडा नं २ कोदारी नादुङ एकिकृत बस्ति स्थानान्तरण

घ) वडा नं ४ चाकु मार्मिङ देउढुङ्गा पर्यटकिय पदमार्ग निर्माण

ङ) सोताङ,डाँडा टोल, लिस्ती, धारापानी, दुगुनागढी गोरेटो बाटो स्तरुन्नती

साथै यस भोटेकोशी गाउँपालिकाको लागि अत्यावश्यक १० किलो-कोर्थली मोटरेवल पुल डिपिआर अनुसार तथा गाउँपालिका स्तरीय चिस्यान केन्द्रको लागि आवश्यक बजेट संघिय सरकार संग माग गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३:</u>

चालु आ.व २०७९/०८० को लागि एकिकृत घुम्ती शिविरको मिति तपशिल बमोजिम तोक्ने निर्णय गरियो ।

१) वडा नं ५ मिति २०७९ पौष १९ गते

२) वडा नं ४ मिति २०७९ पौष २० गते

३) वडा नं ३ मिति २०७९ पौष २१ गते

४) वडा नं २ मिति २०७९ पौष २२ गते

५) वडा नं १ मिति २०७९ पौष २४ गते

<u>निर्णय नं. ४:</u>

चालु आ.व. २०७९/०८० को दशौं गाउँ सभावाट शिक्षा शाखा तर्फ शैक्षिक संस्था अनुदान सहायता शिर्षकमा एकमुष्ट विनियोजित रु ४५ लाख मध्ये बाट तपशिल बमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

तपशिल

क) प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति तर्फ रु ३ लाख।
ख) मन्टेश्वरी कक्षा भुक्तानी बाकि तर्फ रु ७ लाख
ग) सेतेदेवी आ.वि वडा नं १ घेराबार रु ५ लाख
घ) थापी नारायण आ.वि वडा नं ४ घेराबार रु १० लाख
ङ) महादेव आ.वि वडा नं ५ ट्रस मर्मत रु ५ लाख
च) कालीदेवी आ.वि वडा नं १ खानेपानी व्यवस्थापन रु ३ लाख
छ) भैरवकुण्ड आ.वि वडा नं ३ घेराबार तथा झ्याल ढोका व्यवस्थापन रु ५ लाख
ज) नारायण आ.वि वडा नं ४ ट्रस भवन छाना मर्मत रु ३ लाख
झ) गुसेश्वरी आ.वि वडा नं ३ ट्रस निर्माण रु ४ लाख

निर्णय नं. ५:

चालु आ.व. २०७९/०८० को दशौं गाउँ सभाबाट महिला बालबालिका शाखा तर्फ उपाध्यक्ष संग बालबालिका कार्यक्रमको रु २ लाख र अनाथ तथा विपन्न बालबालिकाको लागि शैक्षिक सहायता कार्यक्रमको रु ३ लाख गरि एकमुष्ट रकम रु ५ लाख बाट यस पालिका भित्रका प्रत्येक वडा बाट १० (दश) जनाका दरले जम्मा ५० (पचास) जना विपन्न बालबालिकालाई १०(दश) हजारका दरले दोहोरो नपर्ने गरि वडा कार्यालयको सिफारिसमा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

गाउँपालिका अध्यक्ष कपमा विनियोजित रकम रु १५ लाख मध्ये बाट रु ५ लाख श्री सिद्धार्थ योङ्ग स्टार क्लबलाई भुक्तान दिइएको खर्च रकम अनुमोदन गर्ने गरियो ।

निर्णय नं. ७:

नयाँ आलु पकेट विकास कार्यक्रम अन्तर्गत मिति २०७९ मंसिर २१ मा प्रकाशित सार्वजनिक सुचना अनुसार तोकिएको समय भित्र पेश हुन आएको गाउँ उत्थान सामुसायिक कृषक समूहलाई कार्यक्रम मार्पतको अनुदान उपलब्ध गराउने र आ.व २०७८/०७९ को आलु पकेट विकास कार्यक्रम नवज्योति कृषक समूहलाई निरन्तरता दिने साथै पालिका स्तरीय साना किसान आलु प्रवर्धन कार्यक्रम छनौटको लागि पुनः ७ दिने सूचना निकाल्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८:

चालु आ.व. २०७९/०८० को दशौं गाउँ सभाबाट पूर्वाधार विकास तर्फ पालिका स्तरीय वडा नं ४ को मानव खप्पर, नाङदेन गुम्बादेखी साङछोलिङ सम्म पैदल मार्ग रेलिङ वाल तथा खानेपानी प्रतिक्षालय

निर्माण योजनाको नाम परिवर्तन गरि साङछोलिङ गुम्बा मर्मत सम्भार कायम गरि योजना संचालन गर्ने र वडा स्तरीय योजना अन्तर्गतको सामाजिक भवन निर्माण योजनाको नाम परिवर्तन गरि सेलाङकट्टी गोरेटो बाटो स्तरउन्नति कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:

पोषण सुधारका लागि विपन्न समुदायका महिला समुह वा सहकारीलाई विपन्न सदस्यहरुको आय आर्जन सुधारका लागि मिति २०७९/०८/२१ गते १५ दिने सूचना निकालिएकोमा ४ वटा महिला समूहबाट आवेदन परेकोमा मार्मिङ महिला समूह भोटेकोशी गाउँपालिका वडा नं ५ लाई छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. १०:

(१) चालु आ.व. २०७९/०८० को दशौं गाउँ सभाबाट पूर्वाधार विकास तर्फ वडा नं ५ को लागि शिक्षा तर्फ एकमुष्ट भएको बजेट रु १० लाख वडा कार्यालय बाट तपशिल बमोजिम बाँडफाँड भएको र यस कार्यपालिका बैठकमा पेश भएको हुँदा पेश भए बमोजिमको योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

क) भोटेकोशी गाउँपालिका स्तरीय ५८ औं राष्ट्रिय बाल दिवस कार्यक्रम खर्च रु १ लाख मात्र श्री भिमसेन मा.वि छात्रबास व्यवस्थापन खर्च रु २,००,००० (अक्षरुपी रु दुइ लाख रुपैयाँ मात्र)

ख) श्री मार्मिङ मा.वि. को कक्षाकोठा Partition, खानेपानी मर्मत तथा अस्थाई घेराबार निर्माण रु ४,००,००० (अक्षरुपी रु चार लाख रुपैयाँ मात्र)

ग) श्री मार्मिङ मा.वि. अध्ययन अवलोकन भ्रमण खर्च रु १,५०,००० (अक्षरुपी रु एक लाख पचास हजार रुपैयाँ मात्र)

घ) श्री महादेव आ.वि. ट्रस किचेन निर्माण रु १,५०,००० (अक्षरुपी रु एक लाख पचास हजार रुपैयाँ मात्र)

(२) चालु आ.व. २०७९/०८० को दशौं गाउँ सभाबाट पालिका स्तरीय पूर्वाधार विकास तर्फ वडा नं २ को लालबिर चोक रिङ रोड नाला निर्माण तथा सडक स्तरुन्नतीको लागि विनियोजित बजेट रु ५० लाखको शिर्षक परिवर्तन गरि विनियोजित रु ५० लाखमा रु १० लाख तातोपानी धारा डिपिआरको लागि खर्च गर्ने र बाँकि रु ४० लाख सोहि योजना लालबिर चोक रिङ रोड नाला निर्माण तथा सडक स्तरुन्नतीको लागि खर्च गर्ने निर्णय गरियो।